# सुनसरी–यू.एम.एन.

## वार्षिक प्रतिवेदन २०७३/७४

विगत १२ वर्षदेखि सुनसरी जिल्लामा अवस्थित यू.एम.एन. सुनसरी क्लष्टरले आ.व. २०७३/०७४ मा मोरङ्ग र सुनसरी जिल्लाका ८ साझेदार संस्थाहरूसँगको साझेदारीमा १४ गा.वि.स., १ उप-महानगरपालिकाको र ६ नगरपालिकाहरूमा शिक्षा, स्वास्थ्य, दिगो जीविकोपार्जन, सुशासन, र शान्ति प्रवर्द्धन विषयगत कार्य क्षेत्रहरूसँग सम्बन्धित १२ वटा परियोजनाहरू कार्यान्वयन गर्‍यो । यी कार्यक्रमहरू द्वारा गरिब तथा सिमान्तकृत वर्गका २९,९५३ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् । महिला २०,०५०, पुरुष ९,९०३, बालबालिका १,७२८, किशोर किशोरी ७,११२ र ३७५ जना अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् ।

लामो समयपछिको स्थानीय तहको चुनाव उल्लासमय वातावरणमा समापन भयो जसको कारण समुदायमा केही क्रियाकलाप समयमा सम्पन्न गर्नलाई निकै चुनौतीपूर्ण भएता पनि सुनसरी क्लष्टरले योजनाको ८८.९७% कार्यक्रम सम्पन्न गर्न सफल भयो । यू.एम.एन. सुनसरी क्लष्टरले विभिन्न सरोकारवालाहरूसँग स्थापना गरेको सञ्जाल, सम्बन्ध र समन्वयलाई निरन्तरता कायमै राख्दै नयाँ सम्बन्धहरू बिस्तार गरेकोछ ।

अन्तमा यू.एम.एन. सुनसरी क्लष्टरसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहकार्य, सहयोग तथा समन्वयमा रही सहयोग पुर्‍याउनु हुने सरकारी कार्यालय, गैर सरकारी संघ संस्था, समुदाय, साझेदार संस्थाहरू, नागरिक समाज, दाताहरू, यू.एम.एन.का अग्रजहरू र सहकर्मी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु ।

*बालकुमारी पुन राई*
*क्लष्टर टिम लिडर*





# विषयगत क्षेत्रका उपलब्धिहरू

## शिक्षा

- बुढीगंगा गाउँपालिका मोरङ्ग, बर्जु र देवानगञ्ज सुनसरीका १,४३३ बालबालिकाहरू विभिन्न ५३ वटा बालक्लबमा सङ्गठित भई बाल अधिकारका सवालहरूमा समुदाय र विद्यालय तहमा २९३ वटा बाल क्रियाकलापहरू सञ्चालन गरी परिवर्तनमा योगदान पुऱ्याएका छन् । ७ वटा विद्यालयमा व्यवस्थापन समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा सहभागिता रहेको छ ।
- सि.सि.सि.डि. परियोजना क्षेत्रमा १३५ समूहमा २,८८८ महिला र पुरुषहरू सहभागी भएका छन् । परियोजना सञ्चालित ३ स्थानीय तहमा ३ वटा समूह सञ्जाल स्थापनो भएको छ । ५३ वटासमूहहरू सहकारीमा संलग्न भई वित्तिय सेवा प्राप्त गर्दै आइरहेका छन् । १,२०० घरपरिवारहरू आयआर्जनमा संलग्न भई वार्षिक रु. २,४०,०००/- सम्म आम्दानी बढाएका छन् ।
- ११ विद्यालयहरूका ४० जना शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास, शैक्षिक सामग्री सहयोग जस्ता प्रयासले गर्दा बालबालिकाहरूको उपस्थितिमा अभिवृद्धि भई कक्षा छोड्ने दरमा कमी आएको छ ।
- लक्षित समुदायको सामुदायिक स्वास्थ्य तथा सरसफाईमा चेतना अभिवृद्धि भई बालबालिकाको पोषण तथा खानपानमा सुधार आएको छ । ७,००० भन्दा बढी महिलाहरू नियमित गर्भ जाँच गराइ रहेका छन् भने ९२% भन्दा बढी संस्थागत प्रसूति गर्ने गरेका छन् ।
- परियोजना सञ्चालित ४ वटै साविकका गा.वि.स.मा बाल संरक्षण प्रणालीको क्षमता अभिवृद्धि भई बाल हिंसा, बाल श्रम र बालविवाहको क्षेत्रमा प्रभावकारी कार्यहरू गर्दै आइरहेको छ । गा.वि.स. बाल संरक्षण समितिहरू र बालक्लबहरूको सहयोग र सहकार्यमा यस वर्ष ७ वटा बालविवाह रोक्ने कार्यमा महत्वपूर्ण भूमिका रहेको थियो

## स्वास्थ्य

- साविक इटहरी उप-महानगर, श्रीपुर र हरिपुर गा.वि.स.का ८१ जना किशोर किशोरीहरूले साथी शिक्षा तालिम प्राप्त गरी ८७१ जना दौंतरीहरूलाई जीवन उपयोगी सिप, स्वास्थ्य सरसफाइ, पोषण, एच.आई.भी. र एड्स जोखिम व्यवहार सवालमा जानकारी गराएका छन् ।
- मोरङ्ग र सुनसरीका १०३ जना एच.आई.भी. सङ्क्रमितहरूले हेरचाह, सहयोग तथा उपचार सेवा प्राप्त गरी उनीहरूको शारीरिक अवस्थामा उल्लेखनीय सुधार आएको छ । नियमित स्वास्थ्य परीक्षण, औषधिसेवन र परामर्शको कारण अवसरवादी सङ्क्रमणमा कमी आएको छ साथै आयआर्जनमा संलग्न भई २७ जनाले आयआर्जन गरी जीविकोपार्जन गर्न सबल भएका छन् ।



- मोरङ जिल्लाबाट वैदेशिक रोजगारीमा गएका ९७० जना जोडीले एच.आई.भी. रोकथाम सम्बन्धी सचेतना प्राप्त गरी १४५ जनाले रक्त परीक्षण गराएका छन् ।
- सुनसरी जिल्लाको साविक श्रीपुर र हरिपुर गा.वि.स.का ४५ जना महिला स्वस्थ्य स्वयंसेविकाहरूलाई परिचालन गर्न सहयोग गरी ४० वटा आमा समूहलाई सक्रिय बनाई स्वास्थ्य सेवा लिनेको संख्यामा वृद्धि भएको छ । गर्भ जाँच नगराउने र घरैमा बच्चा जन्माउनेको संख्या न्यून हुँदै गएको छ ।

## शान्ति प्रवर्द्धन

- अन्तरधार्मिक शान्ति सञ्जाल, मोरङ्गले राष्ट्रिय तहको अन्तरधार्मिक शान्ति महासञ्जाल गठन गरेका छन् । अन्तरधार्मिक शान्ति युवा समूहले सन् २०१८ देखि २०२० सम्मका लागि अल्पसंख्यक धार्मिक समुदायको सवालमा कामगर्ने निर्णय गरेका छन् ।
- ६ वटा विद्यालयमा शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरू र विद्यार्थीहरू गरी जम्मा ४७८ जनालाई अपाङ्गता अधिकार, समावेसी शिक्षाका बारेमा अभिमुखीकरण सम्पन्न भयो । अभिमुखीकरण पश्चात् अल-इस्लाह आइडियल स्कुल हरिनगरा-६, सुनसरीले विद्यालय परिसरमा (अफिस कोठा, कक्षा कोठा, शौचालय, धारामा) अपाङ्गता मैत्री ऱ्याम्प निर्माण गरी अपाङ्गता भएका व्यक्तिहरूलाई आवगमन गर्न सहज भएको छ ।
- ११ जना अपाङ्गता भएका बालबालिकाहरूले उपचार पाई पुनर्स्थापित भएका छन् । ६ जना अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्रीहरू कमट चियर, वैशाखी, सेतो छडी, श्रवण यन्त्र प्राप्त गरी दैनिक दिनचर्या सहज भएको छ ।
- यस वर्ष थप ३ जना अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरूलाई आयआर्जनका लागि सहयोग गरिएको छ । हाल ६४ जना अपाङ्गता भएका व्यक्ति तथा उनका अभिभावकहरू विभिन्न किसिमका आयआर्जन कार्यमा संलग्न रही मासिक १०,००० देखि २०,००० हजार सम्म आम्दानी गर्न सफल भइरहेका छन् ।

## दिगो जीविकोपार्जन

- बेलबारी र जाँते (हाल लेटाङ्ग नगरपालिका) मा ४२ जनालाई विभिन्न व्यवसायिक तालिम र सामग्री सहयोग गरियो । हाल उहाँहरू आ-आफ्नो क्षेत्रमा सरदर रु ५,००० देखि रु २०,००० सम्म आम्दानी गर्न सफल भएका छन् ।
- बेलबारी स्थित अमूना कृषि सहकारी संस्था मार्फत सञ्चालित दुग्ध सङ्कलन केन्द्रलाई आवश्यक सामाग्री सहयोग गरी सो दुग्ध सङ्कलन केन्द्रबाट दैनिक १५० लिटर दुध सङ्कलन भई बिक्री भइरहेको छ । साथै, जाँते (हाल लेटाङ्ग न. पा.) स्थित घरायसी कृषि महिला सहकारी संस्था लिमिटेडलाई दुग्ध सङ्कलन केन्द्र स्थापनाका लागि ५०० लिटर क्षमताको चिलिङ् भ्याट लगायतका आवश्यक सामग्री सहयोग गरी र हाल १३० लिटर दुध सङ्कलन गरी बिक्री भइरहेको छ ।
- जाँतेमा घरायसी कृषि महिला सहकारी संस्था लिमिटेड मार्फत ७ वटा तरकारी सङ्कलन केन्द्र स्थापना भयो । सङ्कलन केन्द्रलाई आवश्यक पर्ने सामग्रीहरू खरिद गरी घरायसी कृषि महिला सहकारीलाई उपलब्ध गराइएकोछ । सो सङ्कलन केन्द्रबाट

दैनिक १० टन भन्दा बढी तरकारी सङ्कलन गरी बजारमा बिक्री बितरण भएको छ ।

- बेलबारीका ५ जनालाई सामुदायिक पशु स्वास्थ्य कार्यकर्ता र ४ जनालाई सामुदायिक कृषि कार्यकर्ता तालिम प्रदान गरियो । तालिम पश्चात् कृषकहरूलाई कृषि तथा पशु सम्बन्धी प्राविधिक सेवा प्रदान गर्न शुरु भएको छ ।
- श्रीपुर ५ सुनसरीको (हाल कोशी गाउँपालिका ५) का ५० जनालाई व्यवसायी बनाउने उद्देश्यले व्यवसायिक साक्षरता तालिम प्रदान गरियो ।

## सुशासन

- ७ वटा साझेदार संस्थाका कार्य समितिका पदाधिकारी र कर्मचारीहरूलाई भ्रष्टाचार रोकथाम तथा बाल सुरक्षा/संरक्षण नीतिका बारेमा अभिमुखीकरण गरियो । फलस्वरूप ५ वटा साझेदार संस्थाहरूले सुशासन निर्देशिका र बाल संरक्षण नीतिलाई संशोधन गरेका छन् । ४ वटा संस्थाले द्वन्द्व संवेदनशिलता नीतिको पहिलो मस्यौदा तयार गरेका छन् र २ वटा साझेदार संस्थाले वित्तिय तथा मानव संसाधन व्यवस्थापन नीति परिमार्जन गरेका छन् ।
- श्रीपुरजव्दी र लौकही गा.वि.स. (हाल कोशी गाउँपालिका वडा नं. १, ४, ५, ६ का २१ जना नागरिक मञ्चका संयोजक/सदस्य, सामाजिक परिचालक र सहजकर्ताहरूलाई सहभागितामूलक योजना तर्जुमा प्रकृयाका बारेमा तालिम प्रदान गरियो । तालिम प्राप्त सहजकर्ताहरूले आ.व. २०७४/०७५ का लागि टोल/बस्ती, वडाको योजना तर्जुमा प्रकृयामा सहजिकरण गरी समुदाय स्तरका ६७ वटा योजना एकीकृत समितिमा पेश भई ७५,८२,७३९ (??) को १८ वटा योजनाहरू गाउँ परिषद्बाट स्वीकृत भएका छन् ।
- लौकही गा.वि.स., राष्ट्रिय मा.वि. श्रीपुर र स्वास्थ्य चौकी श्रीपुरमा सामुदायिक अंक पत्र अभ्यास गरियो । यस अभ्यासले सेवा प्रदायक निकायहरूलाई उत्तरदायी र जवाफदेही हुन सचेत गराएको छ भने सेवाग्राहीहरूलाई आफ्नो कर्तव्य र दायित्व प्रति सजक र सचेत बनाएको छ ।
- साझेदार संस्थाहरूलाई वित्तिय व्यवस्थापन, मानव संसाधन व्यवस्थापन तथा संस्थागत विकासका सवालमा नियमित रूपमा परामर्श, सहजिकरण तथा पृष्ठपोषण आदान प्रदान भएको छ ।

### सामुदायिक अङ्क पत्र अभ्यासमा “भाले जुधाई” हुन्छ भनेको त...



म भगिरथ सञ्जेल सुनसरी जिल्ला अन्तर्गत कोशी गाउँपालिका वडा नं. १ को वडा सचिव (साविक लौकही गा.वि.स.) को रूपमा कार्यरत छु । विगत २ वर्षदेखि सहभागी परिचालन केन्द्र र यूनाईटेड मिसन टु नेपालको साझेदारीमा स्थानीय निकाय तथा समुदायमा सामाजिक जवाफदेहिता र पारदर्शिता कायम गर्न साविकका लौकही र श्रीपुरजब्दी गा.वि.स.हरूमा सुशासन कार्यक्रम सञ्चालन भइरहेको छ । सो कार्यक्रम अन्तर्गत सहभागितामूलक योजना तर्जुमा प्रक्रिया, नागरिक शिक्षा, सामुदायिक अङ्कपत्र अभ्यास र सार्वजनिक परीक्षण आदि क्रियाकलापहरू समावेश छन् ।

मलाई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया तालिम, टोल/बस्ती रे वडा स्तरको योजना छनौट प्रक्रिया बैठक तथा योजना हस्तान्तरण आदिमा सहभागी हुने मौका मिल्यो । यसले मेरो ज्ञान, सिप, क्षमता, अनुभव र आत्मविश्वास बढ्न गई कार्यसम्पादनमा पनि सजिलो बनायो । सहभागितामूलक योजना तर्जुमा प्रक्रियालेबस्तीस्तरका वास्तविक आवश्यकताहरूलाई सम्बोधन गर्न सघाउ पुऱ्याएको छ र कार्यसम्पादन मूल्याङ्कन (MCPM) मा राम्रो अङ्क प्राप्त गरी साविक गा.वि.स. अनुदान रकम वृद्धि भएको अवस्था छ ।

२०७३/०७४ मा साविक लौकही गा.वि.स.मा सामुदायिक अङ्कपत्र सञ्चालनका लागि संस्थाले विभिन्न समयमा छलफल गर्दा यस विषयप्रतिको बुझाई र बदलिंदो संरचनाका कारण सो प्रकृयाका लागि अनुकुल वातावरण सिर्जना गर्न असहज भएको थियो । विभिन्न चरणमा भएको छलफल पश्चात् अङ्कपत्र अभ्यासलाई अगाडि बढाइयो । अभ्यासको क्रममा स्रोतको आँकलन गर्न, सूचकहरू तय गर्न भएको छलफल तथा सेवाप्रदायक र सेवाग्राहीले सूचकहरूमा अङ्क निर्धारण गरी दुवै पक्षबिच आमनेसामने बैठकेभइरहँदाको अवस्थामा मलाई त यस कार्यले सेवाप्रदायक र सेवाग्राही बीच “भाले जुधाई” हुन्छ भन्ने लागेको थियो तर त्यसो नभएर यस अभ्यासले त दुई पक्षबिच साझा बुझाई बनाउने र हामीहरू बिचको जिम्मेवारी र जवाफदेहितालाई बुझ्ने र आपसमा समझदारी बनाउने कामलाई चुस्त र प्रभावकारी बनाउन सहयोगपुगेको छ । आफ्नो कामको पनि स्वमूल्याङ्कन गर्नुपर्ने पाठ सिकाएको छ । सँधै राम्रो गरेको छु भनिरहनु भन्दा पनि सेवाग्राहीहरूको नजरमा हामी कस्ता रहेछौं भनी अङ्कपत्र अभ्यासले छर्लङ्ग पारेको छ । सामाजिक जवाफदेहिता र पारदर्शिता अभिवृद्धिका लागि प्रयोग गरिएका यस्ता औजारहरूले साँच्चै नै सेवाप्रदायक निकायहरू र सेवाग्राहीहरूलाई जवाफदेही, उत्तरदायी बनाउन सचेत र जागरुक बनाएको छ । दुई पक्षबिच एकआपसमा हुने गरेका शङ्का, उपशङ्का र दोषारोपणको अन्त्य भई सद्भाव र पारस्परिक सहयोगको शुरूवात भएको छ ।

*भगिरथ सञ्जेल*
*वडा कार्यालय सचिव*
*वडा नं. १, कोशी गाउँपालिका, सुनसरी*

# साझेदार संस्थाहरुको नाम तथा लक्षित समुदाय विवरण

| नाम | साझेदारी मिति | लक्षित कार्यक्षेत्रहरू | लाभान्वित संख्या | विषयगत क्षेत्र |
|---|---|---|---|---|
| नेपाल चेलीबेटी अपांग महिला समाज, सुनसरी | २०६१।११।०१ | इटहरी उप-महानगरपालिका, हरिनगरा व.नं.६,७ | ३,०८६ जना | शान्ति प्रवर्द्धन |
| सामुदायिक विकास मञ्च (सी.डी.एफ.), मोरङ्ग | २०६३।०९।१३ | नगरपालिका: लेटाङ, पथरी शनिश्चरे, वेलबारी, सुन्दरहरैचा, गाउँपालिका केराबारी | २,०९९ जना | दिगो जीविकोपार्जन र शान्ति प्रवर्द्धन |
| नव जीवन समाज सेवा, सुनसरी | २०६१।१०।१५ | इटहरी उप-महानगरपालिका | ९६६ जना | स्वास्थ्य |
| चन्द्रमुखी क्लब सुनसरी | २०६२।०४।१७ | गाउँपालिका: वर्जु ३, ४ देवानगञ्ज वडा नं. ३, ४, हरिनगरा वडा नं. ५, ६, ७, भोक्रहा वडा नं. ५, ६, ७, ८ कोशी वडा नं. १ देखि ८ | ९,१५७ जना | शान्ति प्रवर्द्धन र शिक्षा |
| सुन्दर समाज निर्माण समूह, सुनसरी | २०६२।०२।०४ | गाउँपालिका कोशी वडा नं. ४, ५, ६, ७ | १,५२७ जना | स्वास्थ्य |
| जिल्ला विकास समितिको कार्यालय, मोरङ्ग | २०६४।०४।१६ | नगरपालिका वडा नं. ६ र गाउँपालिका वडा नं. ७ | २,०९१ जना | स्वास्थ्य |
| राष्ट्रिय सामुदायिक विकास केन्द्र मोरङ्ग | २०६४।०२।२१ | गाउँपालिका बुढीगंगा वडा नं. १, २, ३, ४, ५ | ८,७७६ जना | शिक्षा |
| सहभागी परिचालन केन्द्र सुनसरी | २०६२।०४।१७ | गाउँपालिका कोशी वडा नं. ४, ५, ६, ७ | २,२२० जना | स्वास्थ्य, सुशासन र दिगो जीविकोपार्जन |

| विषयगत क्षेत्रहरू | जम्मा बजेट | जम्मा खर्च |
|---|---|---|
| दिगो जीविकोपार्जन | १,१०,७६,४९७ | ९१,६५,६०८ |
| स्वास्थ्य | ५१,३७,५६७ | ४६,१२,७४८ |
| शिक्षा | १,५०,०८,५९३ | १,४७,१७,१५४ |
| शान्ति प्रवर्द्धन | ८२,५७,८७९ | ६८,३५,५७२ |
| सुशासन | २१,२७,६१९ | १८,०९,६२० |
| कोर क्लष्टर | ४८,५०,३०० | ४१,९२,९५७ |
| **जम्मा** | ४,६४,५८,४५५ | ४,१३,३३,६५९ |

## कर्मचारी नामावली

| | |
|---|---|
| अमर वहादुर राई | सवारी चालक |
| गोपी नानी बादी | कार्यालय सहयोगी |
| तिर्थ कुमार तिम्सीना | वरिष्ठ कार्यक्रम अधिकृत - दिगो जीविकोपार्जन |
| दुर्गा बहादुर अधिकारी | वरिष्ठ कार्यक्रम अधिकृत - स्वास्थ्य |
| विमला श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत - शान्ति प्रवर्द्धन |
| बाल कुमारी पुन राई | क्लष्टर टिम लिडर |
| लक्ष्मी क्षेष्ठ | वित्तिय तथा प्रशासन अधिकृत |
| सत्य नारायण विश्वास | वरिष्ठ कार्यक्रम अधिकृत - शिक्षा |
| सुरेन्द्र राई | वरिष्ठ सुशासन अधिकृत |




युनाइटेड मिसन टु नेपाल
इटहरी, उप-महानगरपालिका-४
सुनसरी, धरान रोड, आईतबारे
फोन न. २५ ५८०३४८
फ्याक्स न. २५ ५८५४५३
इमेल: sunsaricluster@umn.org.np
वेभसाईट: www.umn.org.np